# प्रेश विज्ञप्ति

आज मिति २०६५/४/३० गते नेपालको शेयर बजारमा हालसम्मकै ठूलो रकमको शेयर सूचिकरण भएको छ । नेपाल दूरसंचार कम्पनी लिमिटेड र नेपाल स्टक एक्सचेन्ज लिमिटेड वीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु १००।- कायम भएको रु. १५ अर्ब बराबरको १५ करोड कित्ता साधारण शेयर सूचिकरण गर्ने सम्झौता सम्पन्न भयो । यस अघि रकमका आधारमा सवभन्दा ठूलो बुटवल पावर कम्पनीको झण्डै रु ८४ करोड बराबरको ८४ लाख कित्ता शेयर सूचिकरण भएको थियो ।

कम्पनीले सर्वसाधारण समक्ष नागरीक लगानी कोष मार्फत ७५ लाख कित्ता (कुल शेयर कित्ताको ५ प्रतिशत) खुल्ला विक्री आव्हान गरेकोमा झण्डै ५३ लाख कित्ता (विक्रीका लागि राखिएको शेयरको झण्डै ७० प्रतिशत) सर्वसाधारणले खरीद गरेको, कम्पनीको वर्तमान तथा पूर्व कर्मचारीहरुमा वितरण गरिएको ७४ लाख कित्ता ( कुल शेयर कित्ताको ५ प्रतिशत) तथा कम्पनीका संस्थापकहरुले लगानी गरेको १३ करोड ७२ लाख कित्ता (कुल शेयर कित्ताको ९० प्रतिशत) समेत गरी जम्मा १५ करोड कित्ता शेयर वितरण भई यस स्टक एक्सचेन्जमा सूचिकरण भएको हो । सूचिकरणको सूचना सार्वजनिक मितिले ७ दिन पश्चात अर्थात आठौं दिनमा विधिवत कम्पनीको शेयर ईजाजत प्राप्त सदस्य दलालहरु मार्फत कारोवार हुने प्रावधान छ । टेलिकमको शेयर सूचिकरणपछि कुल सूचिकृत कम्पनीहरुको संख्या १४३ पुगेको छ ।

**नेपाल दूर सञ्चार कम्पनीको वित्तीय झलक :**

| विवरण | २०६३/६४ (लेखापरीक्षित) | २०६४/६५(अलेखापरीक्षित) |
|---|---|---|
| शेयर पूँजी कोष | २६.७९अर्ब रुपैयाँ | ३३.२१ अर्ब रुपैयाँ |
| सम्पत्ति | ४३.६६अर्ब रुपैयाँ | ५२.५९ अर्ब रुपैयाँ |
| खुद प्रतिफल | ५.६५ अर्ब रुपैयाँ | ८.१६ अर्ब रुपैयाँ |
| प्रतिशेयर खुद मुल्य | १७८.६३ रुपैयाँ | २०७.०० रुपैयाँ |
| शेयर पूँजीमा प्रतिफल | २१.१० प्रतिशत | २४.५७ प्रतिशत |
| प्रतिशेयर आम्दानी | ३७.६८ प्रतिशत | ५४.४२ प्रतिशत |

**शेयर सूचिकरणपछि बजारमा परेको/पर्नसक्ने प्रभाव :**

टेलीकमको सूचिकरणसंगै स्टक एक्सचेञ्जमा सूचिकृत शेयर संख्या ४५ प्रतिशतले बढेर ४८ करोड २१ लाख कित्ता पुगेको छ भने बजारको कुल चुक्ता पूँजी ४९ प्रतिशतले बृद्धि भई ४५ अर्ब ५६ करोड रुपैया पुगेको छ । यसैगरी पूँजीबजारको महत्वपूर्ण परिसूचक बजार पूँजीकरण हालको करिब ४ खर्बबाट एक चौथाईले बढेर कुल गार्हस्थ्य उत्पादनको ६० प्रतिशत हुन आउँछ ।

तलको चार्टमा नेपाल टेलीकमको प्रवेशपछि शेयर बजारको कुल चुक्ता पूँजी तथा बजार पूँजीकरण संरचनामा हुने परिवर्तनलाई प्रस्तुत गरिएको छ ।

(क) बजारको कुल चुक्ता पूँजी




(ख) कुल बजार पूँजीकरण




नेपाल टेलीकमको प्रवेशपछि नेपालको शेयर बजारमा थप लगानीका अवसरहरु उपलब्ध हुने हुँदा बजार विकसीत तथा परिपक्व भई स्थायित्व आउने अपेक्षा गरिएको छ । हालसम्म बैंक तथा वित्तीय कम्पनीको उच्च प्रभाव रहदै आएको शेयर बजार कारोबारलाई वास्तविक क्षेत्रका कम्पनीको कारोबारद्वारा सन्तुलित गर्नमा पनि यसले मद्दत गर्ने अनुमान गर्न सकिन्छ ।

मिति : २०६५/४/३०